माई नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७५/०१/०६

भाग- २

माई नगरपालिका

# आर्थिक सहायता वितरण कार्यविधि

## २०७५

**माई नगरपालिका, नगर कार्यपालिकाबाट पारित मिति २०७५/०१/०५**

**प्रमाणीकरण मिति २०७५/०१/०५**

## प्रस्तावनाः

श्री माई नगरपालिका नगरकार्यपालिकाको मिति २०७४/१०/१० नवौ वैठकबाट पारित निर्णय अनुसार माई नगरपालिकामा माग हुने आर्थिक सहयता वितरणलाई व्यवस्थित बनाउन सिमित स्रोत र साधनलाइ उचित रुपमा प्रयोग गर्दै आर्थिक सहयता वितरणलाई वास्विक , उपयोगि र परदर्शी ढंगबाट गर्ने कार्यको लागि यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम माई नगरपालिका आर्थिक सहायता वितरण कार्यविधि २०७५ रहनेछ । यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. आर्थिक सहायता भन्नाले कुनै पनि किसिमको दैविक वा मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको व्यक्तिलाई नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउँछ ।

ख. दैवी विपत्ति भन्नालेः भुकम्प, बाढी, पहिरो, चट्याङ, हुरी बतास जस्ता प्रकोप भन्ने बुझाउँछ ।

ग. मानवीय विपत्ति भन्नालेः मानिसका कारणबाट भएको आगलागी, माहामारी, हुलदंगा जस्ता विपत्ति भन्ने बुझाउँछ ।

घ. दीर्घ रोग भन्नालेः क्यान्सर, मुटुरोग,मृगौला र एच आंइ भी एड्स आदि पर्दछन् ।

## परिच्छेद -२
## दैवी प्रकोप तथा मानवीय संकटहरु

माई नगरपालिका इलाम भौगोलिक, अर्थिक, सामाजिक र साँस्कृर्तिक विविधताको नगरपालिका भएकाले यस नगरपालिका क्षेत्र भित्र आईपर्न सक्ने विपत तथा संकटहरु निम्न अनुसार रहेका छन्

**१ दैवि तथा प्रकृतिक कारण र जसवाट उत्पन्न हुने संकटहरु**

क . भुकम्प

ख . वाढी पहिरो

ग . चट्याङ

घ . हुरी वतास

**२ मानवीय कारण**

क. आगलागी

ख .वेवारीसे मानिस

ग. माहाँमारी

**३ दुर्घटना**

क. करेन्ट , सधन तथा औजार

ख. विषालु पदार्थ सेवन

ग .घरपालुवा तथा जनवारको आक्रमण

**४ दीर्घरोग**

क क्यन्सर

ख मृगौला

ग मुटु रोग

घ एच आइ भि एड्स पुन स्थापना

## परिच्छेद-३

## सहायता रकम

परिच्छेद-२ मा उल्लेखित संकटहवरु पूर्ण रुपमा समाधान गर्न नसिकने र न्यूनीकरणका उपायहरु अपनाउदा अपनाउदै गर्दा समेत संकट आइपर्ने र उक्त संकट ब्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहयता प्रदान गर्न सकेमा समाज र ब्यक्तिलाइ केहिमात्रामा भएतापनि राहात पुग्ने महशुस गर्दै तपशिल अनुसारको शीर्षकमा तपिशल अनुसार आर्थिक सहायता प्रदान गरिनेछ।

**क. मृत्यु भएमा मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी**

| कारण | सहायता गर्न सकिने रकम |
|---|---|
| आगलागी | काज कृया खर्च प्रति ब्यक्ति १५०००। |
| दुर्घटना (करेन्ट , चट्याङ, साधन तथा औजारबाट, | ,, १५०००। |
| रुख खोलानाला, भीरपहिरो आदि) | ,, १५०००। |
| दैवि प्राकृतिक विपत्ति | ,, १५०००। |
| वेवारिसे मानिस (बाहिरबाट आएको वा नपा | दहाँ संकार १५०००। |

| | |
|---|---|
| न पा भित्रको ठाउँठेगाना खुल्नेगरी बाहिर गएर मरेको) | ,, १५०००। |
| न पा को वैदेशिक रोजगारका क्रममा मृत्यु भएको | ,, १५०००। |
| विषालु पदार्थ सेवन (जस्तै पानीमा वीष परेको ) | ,, १५०००। |
| जनवारबाट क्षति (हात्ती, सर्प, वाघ, भालु , कुकुर आदि) | ,, १५०००। |

**क.१. वितरणका आधारहरु**

क .प्रहरी सर्जमिन मुचूल्का

ख .प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

ग . निवेदन

**ख. घाइते तथा उपचारको क्रममा रहेको**

| कारण | सहायता गर्न सकिने रकम | |
|---|---|---|
| | गम्भिर | सामान्य |
| जनवार आतङ्क | १००००। | ५०००। |
| आगलागी | १००००। | ५०००। |
| बाढी पहिरो | १००००। | ५०००। |
| हुरी बतास | १००००। | ५०००। |
| चट्याङ | १००००। | ५०००। |
| मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | १००००। | ५०००। |

**ख.१. वितरणका आधारहरु**

क. विरामि दर्ता पूर्जा prescreption

ख .प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

ग. सम्वन्धि विरामि वा संरक्षकको निवेदन

ग. गम्भीर प्रकृतिका रोगिहरु (रोगि उपचार उपचारको क्रममा हुनुपर्ने)

| रोगका प्रकारहरु | सहायता गर्न सकिने रकम |
|---|---|
| क्यान्सर | १००००। |
| मृगौला | १००००। |
| मुटु | १००००। |
| एच आइ भी एड्स | १००००। |
| दम | २५००। विमा प्रोत्सहानको लागि विपन्न परीवारका लागि मात्र |
| मधुमेह | २५००। ,, |
| उच्च रक्तचाप | २५००। ,, |
| पथरीया आदी | २५००। ,, |

**घ. घरबास क्षती**

**घ.१. कारण**

जनवार आतङ्क, आगलागी, बाढी पहिरो, हुरी बतास, चट्याङ तथा मानवीय र दैविक तथा प्राकृतिक विपत्ति आदि का लागि स्थलगत सर्नमिन मुचूल्का र वडा कार्यालयको सिफारीसको आधारमा

१. पूर्ण १५०००।

२. आंशिक ५०००।

माथि उल्लेखित विषयमा परेका वा छुट भएका जुनसुकै विषयहरु आएमा र नगर प्रमुखलाई मनासिव लागेमा नगर प्रमुखको आदेशवाट रु २५००। सम्म भुक्तानि दिन सकिनेछ।

**आज्ञाले,**
**नाम कालिदास ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**